बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित

मिट माउण्ट

मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए।

खुल्ने समय

बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म

सम्पर्क तथा विक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ, अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY




विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१४ ।। अङ्क : १८८ ॥ २०७९ भाद्र ०१ गते बुधबार (17th Aug 2022 Wednesday) **Pratidin** National Daily dNo-?=%÷-

# गठबन्धनमा मापदण्डले टुंग्यायो ८३ सिट

झापा(प्रस) ।गठबन्धनले सिट बाँडफाँटका लागि कार्यदल बनाएर काम गरिरहेको छ । गठबन्धनको कार्यदलमा कांग्रेसबाट ३, माओवादी केन्द्रबाट २, नेकपा एकीकृत समाजवादीबाट २, जनता समाजवादी पार्टीबाट २ र राष्ट्रिय जनमोर्चाबाट २ जना सदस्य छन् । कार्यदलले कांग्रेसका नेता तथा पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलालाई संयोजकको जिम्मेवारी तोकेको छ । कार्यदलले सिट बाँडफाँटका लागि केही चरणमा छलफल गरेको छ। कार्यदलले सकेसम्म उनीहरूकै तहमा सिट बाँडफाँटको हिसाब मिलाएर प्रतिवेदन शीर्ष नेतालाई बुझाउने तयारी गरेको छ तर सिट बाँड्ने विषय गठबन्धनभित्र असाध्यै पेचिलो बनिरहेको छ।

कार्यदलले सिट बाँडफाँटका लागि २०७४ सालको निर्वाचनको नतिजा र भर्खरै सम्पन्न स्थानीय चुनावको मतलाई आधार बनाउने सामान्य मापदण्ड बनाएको छ । मापदण्डको आधारमा आगामी बुधवारको बैठकमा सिट बाँडफाँटको प्रस्तावित खाका ल्याउन कार्यदलका संयोजक सिटौलालाई जिम्मेवारी तोकिएको कार्यदलका सदस्य एवं माओवादी केन्द्रका नेता देव गुरूङले जानकारी दिए।

स्थानीय निर्वाचनको बेला पनि गठबन्धनलाई तालमेल मिलाउन हम्मेहम्मे परेको थियो । अन्ततः उनीहरूले उपमहानगर र महानगरमा केन्द्रीय तहबाट र गाउँपालिका तथा नगरपालिकाको सिट बाँडफाँट स्थानीय आवश्यकताको आधारमा गर्ने निर्क्यौल गरेका थिए तर गठबन्धनमा रहेका माओवादी केन्द्र र एकीकृत समाजवादीले गठबन्धनको चुनावी यात्रामा त्यति सन्तोष व्यक्त गरेका थिएनन् ।

अहिले गठबन्धनमा स्थानीय तहको अवस्था नदोहोऱ्याउने प्रतिबद्धता नेताहरूले व्यक्त गरेका छन् । त्यसका लागि अहिले नै सिट बाँडफाँटमा गहन गृहकार्य गर्ने र सबैलाई चित्तबुझ्दो हिसाबले निर्वाचन क्षेत्रको बाडफाँट गर्ने गरी छलफल भइरहेको कार्यदलमा रहेका नेताहरूले बताएका छन् ।

आगामी निर्वाचनमा प्रतिनिधिसभाका १६५ र प्रदेशसभाका ३३० निर्वाचन क्षेत्र गठबन्धनमा रहेका दलहरूले बाँडफाँट गर्नुपर्नेछ । प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनले राजनीतिक दलहरूको हैसियत निर्धारण गर्ने र आगामी ५ वर्षको खेलोफड्को पनि सोही आधारमा हुने भएकाले सकेसम्म धेरै सिट आफ्नो पक्षमा पार्ने गरी दलहरूले रणनीति बनाइरहेका छन् । सोही कारण गठबन्धनभित्र सिट बाँडफाँटको रस्साकस्सी झन्झन् कसिलो भइरहेको छ।

कार्यदलको बैठकमा सिट बाँडफाँटको मापदण्ड बनाउनेबारे छलफल गरेर टुंगोमा पुगिएको र अहिलेसम्म कुनै पनि दलले




औपचारिकरूपमा सिट दाबी नगरेको माओवादी केन्द्रका नेता तथा कार्यदलका सदस्य देव गुरूङले बताए । मापदण्डकै आधारमा सिट बाँडफाँट हुने उनले बताए ।

सिट बाँडफाँटका लागि २०७४ सालको चुनावमा बनेको राजनीतिक दलको हैसियतलाई नै मुख्य आधार मान्ने सहमति बनेको गुरूङले बताए । स्थानीय तहको निर्वाचनको मतलाई आधार मान्ने प्रस्ताव पनि कार्यदलमा आएको तर स्थानीय चुनावमा गठबन्धन भएकाले त्यसलाई के गर्ने भन्नेबारे टुंगो भइनसकेको उनले बताए । 'स्थानीय चुनावमा सबै दलले सबै ठाउँमा उम्मेदवारी दिएको थिएन । चुनावी तालमेल भएको थियो । स्थानीय चुनावमा पाएको मत सबै दलबाट मिसिएको छ । तसर्थ स्थानीय चुनावको मतलाई आधार मान्ने वा नमान्ने बारेमा छलफल जारी छ,' गुरूङले भने ।

स्थानीय चुनावको मत सिट बाँडफाँटका लागि रिफ्रेन्स मात्रै हुनसक्ने गुरूङ बताउँछन् । 'स्थानीय चुनावको मतबाट अलिअलि पोजिसन अनुमान गर्ने कुरा त हुनसक्ने भयो तर त्यही मतको आधारमा यथार्थता प्राप्त गर्ने अवस्था भने छैन,' उनले भने, 'हामीले पनि यति सिट चाहिन्छ भनेर दाबी गरेका छैनौं । मापदण्डले नै हामीले कति सिट पाउने भन्ने यकिन गर्छ । हामीले भनिरहनै पर्दैन । हामी सिट बाँडफाँटका सम्बन्धमा नेगोसिएसनमा होइन, सहमतिमा बनाइने मापदण्डको आधारमा प्राप्त हुने सिटको पक्षमा छौं ।'

जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता तथा कार्यदलका सदस्य रामसहाय प्रसाद यादवले अघिल्लो संसदीय चुनाव र गत वैशाखमा सम्पन्न स्थानीय तहको चुनावको आधारमा सिट बाँडफाँट गर्ने गरी मापदण्ड बनेको बताए । 'मापदण्डको आधारमा कार्यदलका संयोजक एवं कांग्रेस नेता कृष्ण सिटौलाले बाँडफाँटको प्रस्ताव ल्याउनुहुन्छ । उहाँले ल्याउनुभएकै प्रस्तावमा हामी छलफल गरेर टुंगोमा पुग्छौं । कसैले पनि यति सिट चाहियो भनेर दाबी गरेको छैन,' यादवले भने । अहिलेसम्म सिट दाबी गर्ने आधार नै तयार नभइसकेकाले कुनै पनि दलले कार्यदलमा सिट दाबी नगरेको उनले बताए ।

तर दलहरूले गठबन्धनभन्दा बाहिर अनौपचारिक रूपमा भने सिटको दाबी गरिरहेका छन् । कार्यदलले बनाएको मापदण्डलाई आधार मान्दा कांग्रेस र माओवादी केन्द्रले २०७४ सालको चुनावमा जितेको सिटमा केही थप सिट पाउने र अरूले अघिल्लो चुनावमा पाएको सिटकै आधारमा निर्वाचन क्षेत्र पाउने अवस्था रहेको कांग्रेसका नेताहरू बताउँछन् ।

यसअघिको चुनावमा जितेको आधारलाई मापदण्ड बनाउँदा ८३ सिटको भागबण्डामा कुनै समस्या छैन । बाँकी ८२ सिट कसलाई कति दिने भन्नेमा कार्यदल छलफलमा छ । गठबन्धनमा रहेका दलहरूका बीचका सहमतिको विन्दु खोज्दा कांग्रेसले ८५, माओवादी केन्द्रले ४९, जनता समाजवादी पार्टीले १६, एकीकृत समाजवादीले १४ र राष्ट्रिय जनमोर्चाले १ सिट पाउने अवस्था देखिन्छ ।

गठबन्धन र सरकारको नेतृत्व गरिरहेको कांग्रेसका नेताहरूले कम्तीमा ९० सिट पाउनुपर्ने दाबी गरिरहेका छन् तर कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा भने कांग्रेस नेताहरूको दाबी जस्ताको तस्तै गठबन्धनमा राख्ने पक्षमा नरहेको कांग्रेसकै नेताहरू बताउँछन् । प्रधानमन्त्री देउवाले नै केही दिन अघि धेरै सिटमा उम्मेदवारी दिनेभन्दा पनि धेरै सिट जित्ने कुरामा ध्यान दिनुपर्ने बताएका थिए ।









# रास्वपाको प्रदेश सभापतिमा तिम्सिना

ईटहरी(प्रस) । राष्ट्रिय स्वतन्त्र पार्टीले प्रदेश एकको प्रदेश समिति गठन गरेको छ । ईटहरीमा भएको रास्वपाको प्रदेश भेलाले



राजेश तिम्सिनाको सभापतित्वमा २६ सदस्यीय प्रदेश समिति गठन गरेको हो । समितिको उपसभापतिमा कल्पना थापा बस्नेत चयन भएकी छन् । त्यस्तै सचिवमा सुभेस नेपाल र कोषाध्यक्षमा ओम भण्डारी चयन भएका छन् । २६ सदस्यीय समितिमा झापाबाट एक महिला, १ मुस्लिम र एक अपांगता भएका व्यक्तिसहित ७ जना रहेका छन् । पार्टी सभापति रवि लामिछानेको उपस्थितिमा भएको भेलामा गठन हुन बाँकी जिल्लाको समिति पनि विस्तार भएको सो पार्टीका झापा जिल्ला सचिव प्रकाश पाठकले जानकारी दिए ।

पार्टी स्थापनालगत्तै संगठन विस्तारलाई तीब्रता दिएको स्वतन्त्र पार्टीले भदौको पहिलो साताबाट चुनावी अभियान सुरु गर्ने जनाएको छ । आगामी मंसिर ४ गते हुने निर्वाचनमा एकल प्रतिस्पर्धामा उत्रने तयारी गरेको राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो चुनावी रणनीति केही दिनमै सार्वजनिक गर्ने समेत जनाएको छ ।

# संस्थाको हितविपरीत गर्नेलाई कार्वाहीको चेतावनी

झापा(प्रस) ।गत असार ३१ गते मोरङको कटहरीमा चयन भएको राजवंशी समाज विकास समितिको केन्द्रीय समितिले संस्थाको हितविपरीत काम गर्नेलाई कार्वाहीको चेतावनी दिएको छ ।

राजवंशी समाज विकास समितिको दुई वटा केन्द्रीय समिति गठन भएको अबस्थामा सुवन्तकुमार राजवंशी अध्यक्ष र चन्द्रप्रसाद राजवंशी महासचिव रहेको समितिले संस्थालाई बदनाम गर्ने, संस्थाको विधान, नियमावली पालना नगर्ने, संस्थालाई हानीनोक्सानी पुर्याउने कार्य गर्नेलाई कारवाही गर्ने चेतावनी दिएको हो । अध्यक्ष सुवन्तकुमार र महासचिव चन्द्रप्रसाद राजवंशीले एक प्रेस विज्ञप्ति जारी गरी जिल्ला प्रशासन कार्यालय झापाको आदेश अवज्ञा गरी साउन २८ गते बिर्तामोडमा अवैधानिक तवरले अर्को समिति गठन भएको दावी गर्दै त्यस समितिको पछि नलाग्न जिल्ला समितिहरु, सम्पूर्ण गाउँ, नगर, वडा समितिहरुलाई आग्रह गरेका छन् ।

यस संस्थाको छैठौं केन्द्रिय महाधिवेशनअन्तर्गत असार ३१ गते बन्दसत्रबाट उमेश राजवंशीको संयोजकत्वमा निर्वाचन समिति गठन भई निर्वाचन प्रक्रियाबाट अध्यक्षमा सुवन्तकुमार राजवंशी, उपाध्यक्षमा उपासी राजवंशी, जलधर राजवंशी, इजालाल राजवंशी महासचिवमा चन्द्रप्रसाद राजवंशी, कोषाध्यक्षमा सुशिला राजवंशी, सचिवमा सत्यनारायण राजवंशी, मनोजकुमार राजवंशी, सम्पत राजवंशी एवं सदस्यमा चन्द्रप्रसाद राजवंशी निर्वाचित भएको विज्ञप्तिमा जनाइएको छ ।

जिल्ला प्रशासन कार्यालय झापामा उजुरी परी साउन ४ गते दुवै पक्षबीच छलफल भई विवाद विचाराधिन रहेको अबस्थामा आफूहरुको पक्षमा निर्णय आउने कुरामा उनीहरुले विश्वास व्यक्त गरेका छन् ।

# विद्युत महशुल नतिर्नेबाट २ करोडबढी असुली



भद्रपुर( प्रस) । नेपाल विद्युत प्राधिकरण भद्रपुर शाखाले बाँकी बक्यौता नतिर्ने १ हजार ५ सय ९० जना उपभोक्ताको लाईन काटेर २ करोड ७५ लाख ३ हजार ४७ रुपैयाँ असुली गरेको छ ।

२०७८-०७९ को असार मसान्तसम्मको एक आर्थिक बर्षमा बत्ती उपभोग गरेवापत १ हजार ५ सय ९० जना उपभोक्तामध्येबाट २ करोड २४ लाख ९२ हजार ६ सय ६५ रुपैयाँ राजश्व असुली गर्नुपर्नेमा १ हजार ३ सय २४ जना उपभोक्ताले पुनः लाईन जोडेको हुँदा उनीहरुबाट सो रकम असुल उपर भएको हो । बाँकी रहेको ३ करोड रुपैयाँ बक्यौता यसै आर्थिक वर्षमा उठाईने कार्यालय प्रमुख धिरेन्द्रकुमार यादवले बताए । अघिल्लो आर्थिक वर्षमा २ सय ३९ जनाको लाईन काटी पुनः जोड्ने २ सय ८१ जनाबाट ९८ लाख ८२ हजार एक सय ५१ रुपैयाँ कार्यालयले असुली गरेको थियो । गत आवको भन्दा २०७८-७९ को असार मसान्तसम्मको एक बर्षमा राजश्व बढेको र रकम समेत बढी असुलेको कार्यालय प्रमुख यादवले जानकारी दिए ।

उनले कार्यालयले आ.व. २०७८-०७९ मा ४७ करोड ९७ लाख २० हजार २ सय ३० रुपैयाँ राजश्व संकलन गरेको बताए । यो अघिल्लो बर्षको तुलनामा ४ करोड ५३ लाख ७५ हजार ४ सय ४१ रुपैयाँ बढी भएको प्रमुख यादवको भनाई छ । भद्रपुर ,हल्दीवारी ,कचनकवल,मेचीनगरको वडा नं १४ र १५ तथा बिर्तामोडको वडा नं ७ ,८ र १० सहित जम्मा ३० हजार ८ सय उपभोक्ताहरु यस कार्यालय मातहत रहेका छन् ।






# बैंकिङ कसुर मुद्धामा टिकामाया पक्राउ



झापा(प्रस) । बैंकिङ कसुर मुद्धाका एक फरार प्रतिवादी पक्राउ परेकी छन् ।पक्राउ पर्नेमा मेचीनगर १० का ४० वर्षिया टिकामाया भट्टराई रहेकी छन् । उच्च अदालत बिराटनगर इलाम इजलासको २०७९ असार ८ गतेको फैसला बमोजिम बैंकिङ कसुर मुद्धामा उनलाई २ दिन कैद,रु.२ लाख जरिवाना र पीडित राहत कोषमा रु.८ हजार जम्मा गर्नु पर्ने सजाय सुनाइएको थियो ।

फरार रहेका ती प्रतिवादीलाई जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले शनिवार पक्राउ गरी सोमवार कारागार पठाइएको डिएसपी बसन्त पाठकले बताए ।

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**१ नं. प्रदेशको**

## १५ दिने सूचना

सधियार पश्चिमः श्री कुल बहादुर भट्टराईको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ५ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री इन्द्र प्रसाद ओलीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-३ | १७९ ०१५९ -१० | १४ | १६०.८५ | २०७९/ ०२/१६ | २०७९/ ०२/१६ | २०७९/ ०४/२५ |

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**१ नं. प्रदेशको**

## १५ दिने सूचना

सधियार पश्चिमः श्री सपना दाहाल, दक्षिणः हरि प्रसाईको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. ७ बस्ने श्री प्रेम बहादुर जोगीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-७ | १८० -०१२१ | ९६४ | १२३६ | २०७९/ ०१/०७ | २०७९/ ०१/०७ | २०७९/ ०३/०८ |

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**१ नं. प्रदेशको**

## १५ दिने सूचना

सधियार पूर्वः श्री छविलाल भण्डारी, पश्चिमः छविलाल भण्डारीको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ५ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री सेविका देवी आचार्यले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-३ | १७९ ०१२९ | ३५० | २५०.०० | २०७९/ ०१/१२ | २०७९/ ०१/१३ | २०७९/ ०१/२२ |

नोटः श्रावण ३० गतेको अंकमा प्रकाशित सूचनामा जग्गाधनिको नाम अन्यथा भएकोले सच्याई पुनः प्रकाशित गरिएको छ ।

# अवैध काठसहित ३ वटा मोटरसाईकल नियन्त्रणमा



झापा(प्रस) । अवैध काठसहित ३ वटा मोटरसाईकल दमक प्रहरीले नियन्त्रणमा लिएको छ ।

आइतवार राति अन्दाजी ११ बजे दमक ३ बेलडाँगीमा प्र.१-०१-०१५ प.६४१, को.३१ प.८२२२ र मे.९ प.९८४९ नं.को मोटरसाईकलहरुमा सिसौं जातको गोलिया ३ थान अन्दाजी २६.०३ क्यु फिट काठ लोड गरी लाँदै गर्दा इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीलाई देख्नासाथ तस्करहरु उक्त नम्बरको मोटरसाईकलहरु र गोलिया छाडी भागेका थिए ।

उक्त काठ बरामद गरी आवश्यक कार्वाहीको लागि सोमवार इलाका वन कार्यालय बेलडाँगी दमकमा बुझाईएको र मोटरसाईकलहरु इलाका प्रहरी कार्यालय दमकमा राखि थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।












नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### बढ्दै क्यान्सर रोग

**विश्वमै सर्नेभन्दा नसर्ने रोगहरूको दर बढिरहेको छ। नसर्ने रोगमा पनि क्यान्सर उच्च भइरहेको छ। क्यान्सरले नवजात शिशुदेखि वृद्धवृद्धासम्मलाई समाउँछ। शरीरको कोष वा कोषिकाको समूहको अस्वाभाविक वृद्धि नै क्यान्सर हो, यसलाई एक किसिमको गिर्खा वा ट्युमर पनि भनिन्छ। ट्युमर, घातक र नम्र प्रवृत्ति गरी दुई प्रकारका हुन्छन्। अस्वाभाविक वृद्धि हुँदै शरीरको अन्य भागमा फैलँदै जाने ट्युमर घातक हुन् भने नफैलिने र सामान्यतया हानी नगर्ने ट्युमर नम्र हुन्।**

**विश्व स्वास्थ्य संगठनको सन् २०२० को प्रतिवेदन अनुसार विश्वभरि महिलामा स्तन, कोलोरेक्टल, फोक्सो, पाठेघर र थाइरोइड क्यान्सर धेरै देखिन्छ भने पुरुषमा फोक्सो र प्रोस्टेटको क्यान्सर। राष्ट्रिय क्यान्सर अभिलेख अनुसार नेपालमा सबैभन्दा बढी श्वासनली तथा फोक्सोको क्यान्सर रहेको छ। अन्य क्यान्सरमा, महिलामा पाठेघर र स्तनको क्यान्सर र पुरुषमा घाँटीको मुख्य छ। विश्व स्वास्थ्य संगठन अनुसार सन् २०१८ मा क्यान्सरका कारण करिब ९६ लाख मानिसले ज्यान गुमाएका थिए भने नेपालको स्वास्थ्य विभाग अनुसार नसर्ने रोगका कारण सन् २०१९ मा ७१ प्रतिशत, जसमा क्यान्सरबाट ९ प्रतिशतले ज्यान गुमाएका छन्। बहुक्षेत्रीय कार्ययोजना २०२१-२०२५ का अनुसार हरेक वर्ष क्यान्सरका २६ हजार १ सय ८४ नयाँ बिरामी देखिन्छन्। नेपालको संविधान २०७२ ले स्वास्थ्यलाई मौलिक हक भनेको छ। सरकारले क्यान्सर उपचारमा एक लाख रुपैयाँ सहुलियत दिन थालेको पनि छ। राष्ट्रिय स्वास्थ्य नीति २०७६ ले क्यान्सरको समयमै स्क्रिनिङ तथा उपचारकालाई सम्बोधन गरेको छ। क्यान्सर लाग्नुको प्रमुख कारण अस्वस्थ खानपिन, निष्क्रिय जीवनशैली तथा धूमपान हुन्। मद्यपान, अस्वस्थ आहार, वातावरणीय प्रदूषण पनि यसका कारक तत्व हुन्। क्यान्सरमा किटान गरेरै यही लक्षण हुनैपर्छ भन्ने हुँदैन। सामान्यतया ज्वरो आइरहने, पिसाब वा दिसामा रगत देखिने, शरीरको कुनै पनि भागमा गिखा देखिने, निको नहुने घाउ हुने, आवाजमा असामान्य परिवर्तन हुने, खकारमा रगत देखिने, अपच हुने, दिसा सामान्य रूपले नहुने, निको नहुने खोकी लाग्ने लगायत देखिने क्यान्सरको लक्षण हो। लक्षण नभए पनि क्यान्सर देखिन सक्छ। कोभिड संक्रमण फेरि बढ्दै छ। क्यान्सरका बिरामीको रोग प्रतिरोधात्मक क्षमता कम हुने भएकाले संक्रमणको उच्च जोखिममा हुन्छन्। विशेष गरी किमोथेरापी र रेडियोथेरापी गरिरहेका बिरामीले उचित स्वास्थ्य मापदण्ड तथा सावधानी अपनाउनुपर्छ।**

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# परराष्ट्रमन्त्रीको सफल चीन भ्रमण



श्रीमन नारायण

नेपाल कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा गठबन्धन सरकार अस्तित्वमा आएको एक वर्षपछि नेपालको तर्फबाट उत्तरी छिमेकी चीनको पहिलो उच्चस्तरीय भ्रमण भएको छ। परराष्ट्रमन्त्री डा. नारायण खड्काको हालै सम्पन्न सफल चीन भ्रमणले दुई देशबीचको आपसी सम्बन्ध बलियो बनाउनुका साथै परस्पर विश्वासलाई पनि बढाएको छ। अमेरिकी अनुदानको एमसीसी सम्झौता संसद्बाट अनुमोदन र रुस-युक्रेन सङ्कटमा नेपालले युक्रेनका पक्षमा मतदान गरेको कारण नेपालप्रति चीन सशङ्कित भएको हुनसक्ने अनुमान गरिएको थियो। परराष्ट्रमन्त्री डा. खड्काको भ्रमणमा चीनले जुन आत्मीयता र हार्दिकताका साथ स्वागत तथा विगत लामो समयदेखि पर्खाइमा रहेको विकास निर्माणका कतिपय महत्वपूर्ण विषयमा सहमति तथा हस्ताक्षर भए। यसले देउवा सरकारको सफल , कुशल एवं परिपक्व परराष्ट्र नीतिलाई प्रमाणित गर्छ। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वको सरकारको पालामा चिसिएको नेपाल-भारत सम्बन्धलाई पुरानै र मित्रवत् अवस्थामा फर्काउनु , अमेरिकी अनुदान सहयोगका एमसीसी सम्झौतालाई संसद्बाट पारित गराउनु र अहिले उत्तरी छिमेकी चीनको समेत विश्वास जित्नलाई नै यथार्थमा स्वतन्त्र , तटस्थ एवं बलियो परराष्ट्र नीति भनिन्छ। मन्त्री खड्काको चीन भ्रमणमा नेपाल र चीनका दुईपक्षीय हितसँग सम्बन्धित कतिपय विषयमा भएका सम्झौता महत्वपूर्ण र दूरगामी महत्त्वका छन्। परराष्ट्रमन्त्री खड्काको यो चीन भ्रमण नेपाल सरकार अमेरिकालगायत पश्चिमेली राष्ट्रहरूतिर ढल्केको चिनियाँ आशङ्का चिर्न सफल सावित भएको छ। एक चीन नीतिप्रति नेपालको रहँदै आएको प्रतिबद्धतालाई फेरि पनि दोहो-याए। साथै नेपाली माटोबाट चीनविरोधी गतिविधि हुन नदिई नै विश्वास पनि दिलाए। मन्त्री खड्काको चीन भ्रमणमा चासोका साथ हेरिएको बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) अन्तर्गतका कार्यक्रम अगाडि बढाउने विषय भन्ने भ्रमणमा प्राथमिकता पाउन सकेन। देउवा सरकार बीआरआईअन्तर्गत अनुदान सहयोग प्राप्त भएमा त्यसलाई सहर्ष स्वीकार गर्न चाहन्छन्। अनावश्यक रूपमा वैदेशिक ऋण लिएर देशमाथि ऋण र ब्याजको भारी थोपर्ने मनसाय देउवा सरकारको रहेको देखिँदैन। सम्भवतः बीआरआईका बारेमा थप अध्ययन गर्न काम पनि भइरहेको छ। मन्त्री खड्काले आफ्नो चीन भ्रमणलाई सफल बताउनुभएको छ।

मन्त्री खड्का र चिनियाँ विदेशमन्त्री वाङ्ग यी बीच भएको दुईपक्षीय वार्तामा नेपाल-चीन सम्बन्ध र सहयोगका समग्र पक्षको समीक्षा गर्दै व्यापार ‘कनेक्टिभिटी’ लगानी, स्वास्थ, पर्यटन गरिबी निवारण, कृषि, विपद् व्यवस्थापन, शिक्षा, संस्कृतिलगायतका विभिन्न क्षेत्रका सहयोगलाई थप प्रवर्द्धन गर्ने विषयमा सहमति भएको छ। दुईपक्षीय भेटवार्तामा परराष्ट्रमन्त्री खड्काले एक चीन नीतिप्रति नेपालको अटल प्रतिबद्धता दोहोऱ्याउनुभयो भने चिनियाँ विदेशमन्त्रीले पनि नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता र भौगोलिक अखण्डताप्रति चीनको निरन्तर र निःशर्त समर्थन दोहोऱ्याउनुभयो। नेपाल सरकारको प्राथमिकता अनुसार नेपालको विकास प्रयासमा सहयोग गर्ने आश्वासन पनि दिनुभयो। चिनियाँ विदेशमन्त्रीले सन् २०२२ भित्रै नेपाललाई करिब १५ अर्ब रुपैयाँ आर्थिक सहयोग गर्ने प्रतिबद्धता पनि गरेका छन्। नेपालमा चीनको सहयोगमा सञ्चालित आयोजनाको तीव्रता दिने विषयमा पनि सहमति भएको छ। त्यसमा चिनियाँ पक्षले काठमाडौँ चक्रपथ सुधार आयोजनाको दोस्रो चरणको निर्माणकार्य छिटै सुरु गर्ने आश्वासन दिएको छ। विदेशमन्त्री वाङले अनुदान सहयोगमा चीनले केरुङ काठमाडौँ रेलमार्गको सम्भाव्यता अध्ययन गर्न घोषणा पनि गर्नुभयो। यस भन्दाअघिको केपी शर्मा ओली नेतृत्वको सरकारले जथाभावी घोषणा गर्दै जाने र त्यसलाई आफ्नो उपलब्धिको फेहरिस्त बनाई सोझा जनतालाई आफ्नो पक्षमा पार्ने काम मात्रै गरे। केवल कागजमा सम्झौता गरेर मात्रै हुँदैन, त्यसलाई धरातलमा उतार्ने काम पनि हुनुपर्छ। ओली सरकारले घोषणा मात्रै गरेका कार्यक्रमलाई देउवा सरकारले धरातलमा ल्याउने काम गरिरहेको छ।

नेपाल-चीन क्रस बोर्डर प्रसारण लाइनको पूर्व सम्भाव्यता अध्ययनका लागि पनि सहयोग गर्ने भएको छ। नेपाली पक्षको मागमा चिनियाँ पक्षले नेपाललाई रासायनिक मल उपलब्ध गराउने र नेपालमा रासायनिक मल कारखाना स्थापना गर्न सम्भाव्यता अध्ययन गर्न विचार गर्ने आश्वासन पनि दिएको छ। दुवै मन्त्रीबीच सीमा बन्दरगाहमा महामारी नियन्त्रणका लागि संयुक्त संयन्त्र स्थापना गर्ने सहमति भएको छ। चीनको स्वशासित क्षेत्र तिब्बतमा कोभिड-१९ महामारी नियन्त्रण भएपछि रसुवा-केरुङ र तातोपानी-जाङ्मु बन्दरगाह दुईतर्फी व्यापारका लागि र हिल्सा-पुलाङ बन्दरगाह एकतर्फी व्यापारका लागि खोल्ने सहमति भएको छ। नेपालको विभिन्न भागमा विपद् तथा प्राकृतिक प्रकोपबाट प्रभावित जनताको सहयोगका लागि मेडिकल सामग्रीका लागि समेत ५० लाख आरएमबी बराबरको सहयोग सामग्री उपलब्ध गराउने भएको छ। चीन फर्कन चाहने बाँकी रहेका नेपाली विद्यार्थीले स्वास्थ्य प्रोटोकल पूरा गर्दै प्रवेशाज्ञा प्रक्रिया अघि बढाउन र आफ्नो अध्ययन पुनः सुरु गर्न सक्ने पनि चीनले जनाएको छ।

परराष्ट्रमन्त्री डा. खड्काको यस भ्रमणलाई सफल मान्नुका कतिपय कारण छन्। पहिलो त तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको दुई पटकको चीन भम्रण, त्यसपछि राष्ट्रपति विद्यादेवी भण्डारीको चीन भ्रमण र चिनियाँ राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणका दौरान भएका सम्झौता र सहमति कार्यान्वयन गर्ने सवालमा विदेशमन्त्री खड्काको यस भ्रमणले बाटो खोल्ने काम गरेको छ। अहिले भूराजनीतिक परिस्थितिमा बेइजिङलाई नेपालको समर्थन चाहिएको थियो। खासगरी अमेरिकी सदनका सभामुख नान्सी पेलोसीको ताइवान भ्रमणबाट आक्रोशित चीनलाई नेपालको समर्थनले उत्साही बनाएको हुनसक्छ। डा. खड्काको बेइजिङ भ्रमण चीनबाट कूटनीतिक प्रसन्नता व्यक्त हुनु देउवा सरकारको उपलबधि हो। देउवा सरकारले दुवै छिमेकीलाई उच्च महत्व दिएको छ। यस भ्रमणले चीनसँग आत्मीय र घनिष्ठ सम्बन्ध निर्माण गर्न सकारात्मक वातावरण सिर्जना भएको छ। चिनियाँ राष्ट्रपति सी नेपाल आउँदा घोषणा भएको ५६ अर्ब रुपैयाँ नेपालले प्राप्त गर्न सकेको छैन, अहिले पनि थप रकम घोषणा भएको छ। देउवा सरकारको कुशल कूटनीति र परिपक्व परराष्ट्र नीतिका कारण नेपाललाई समयमा नै उक्त सहयोग पनि प्राप्त हुनसक्ने सम्भावना देखिन्छ। सन् २०१५ को भूकम्पपछि बन्द भएको तातोपानी नाका र सन् २०१९ को अन्त्यमा सुरु भएको कोभिड महामारीका कारण बन्द गरिएको रसुवागढी नाका पूर्णरूपमा खुलेको छैन। रसुवागढीमा एक दिनमा १३ कन्टेनर र तातोपानीमा ७ कन्टेनर आइरहेका छन्। नेपालबाट कुनै पनि सामग्री चीनतर्फ जान दिइएको छैन। दुई मन्त्रीबीच भएको सहमतिअनुसार रसुवागढी-केरुङ नाका र तातोपानी-जाङ्सु नाकालाई दुईतर्फी सञ्चालनमा ल्याउने विषयमा सहमति हुनु ठूलो उपलब्धि हो।

विगत ७ वर्षदेखि बन्द रहेका नाका दुईतर्फी रूपमा सञ्चालनमा ल्याउने विषयमा सहमति भएबाट उत्तरी नाकामार्फत व्यापार गर्दै आएका व्यापारीलाई पनि राहत पुग्नेछ। दुई मुलुकका पदाधिकारीबीच यसअघि भएको सहमतिअनुसार नै नेपाल-चीन सीमा दुईपक्षीय प्राविधिक समिति गठन गर्ने समहति भएको छ। विगत १० वर्षदेखि यस समितिको बैठक हुन सकिरहेको थिएन। केही ठाउँमा समस्या देखिएका कारण यस बैठकको आवश्यकता पनि महसुस गरिँदै थियो। देउवा सरकारले आत्मसात् गरेको परराष्ट्र नीतिको परिणाम हो कि आज हाम्रो परराष्ट्र सम्बन्ध आफ्ना दुवै छिमेकीसहित पूरै विश्व समुदायसित मित्रवत् छ। परराष्ट्रमन्त्री डा. खड्काको सफल चीन भ्रमणले हाम्रो दुईपक्षीय सम्बन्धलाई बलियो नै बनाउनेछ। परराष्ट्रमन्त्रीको दलगत निष्ठा र मित्रताका आधारमा नभई सम्बन्ध नेपाली जनता र देशको सर्वोपरि हितमा हुनेगर्छ। देशको राजनीति कोरा सिद्धान्त र भावनाले चल्दैन। आर्थिक विकास पनि त्यत्तिकै हुँदैन, गहन अध्ययन र विषय वस्तुको राम्रो जानकारी हुन आवश्यक छ। क्षेत्रीय र विश्व राजनीतिलाई बुझ्नुपर्छ। कुनै देशसित हाम्रो सम्बन्ध राख्ने विषयमा निर्णय लिँदा राष्ट्रिय स्वार्थलाई शीर्ष स्थानमा राख्नुपर्छ। आफूले बोकेको सिद्धान्त वा व्यवहारको आधारमा होइन। परराष्ट्र मन्त्रीको यो भ्रमण लाभदायक र दुवै देशको हितमा हुने निश्चित छ।

# विद्यालय शिक्षा सुधारका मार्ग



राधाकृष्ण हुमागाई



शिक्षा क्षेत्रलाई प्रभावकारी बनाउने दायित्व सबैको हुन्छ। सरकार , शिक्षक , अभिभावक, विद्यार्थी र आम जनता सबैको जिम्मेवारी यसमा जोडिन्छ। यो एउटा सामूहिक संकल्प हो। हामीले शिक्षामा गुणस्तरको विषयलाई सरकारी र व्यावसायिक तर्फबाट मात्र हेरिरहेका छौं। यसलाई आम सरोकार र चासोका रूपमा हेरियो भने मात्र समाज गहिराइबाट माथि उठ्न सक्छ। बेलायत , जापान , अमेरिकाजस्ता देशले हाम्रो देशको जस्तै मूल्याङ्कन गरेका भए उनीहरूको शैक्षिकस्तर त्यति माथि उठ्न सक्ने थिएन। कसले कुन विद्यालयमा पढायोभन्दा पनि गुणस्तर छ कि छैन भन्ने कुरा खास रहन्छ। हामीले शिक्षाको क्षेत्रमा व्यापक परिवर्तनको अपेक्षा गरेका छौं भने हाम्रो तर्फबाट चलायमान पारौं। मूल्याङ्कन गरौं। नतिजा सुखद पाइएला।

**प्रधानाध्यापक**

विद्यालयलाई प्रत्यक्ष रूपमा प्रधानाध्यापकले नेतृत्व गरेको हुन्छ। जुन विद्यालयका प्रधानाध्यापक जुझारु छन् , ती विद्यालय अब्बल छन्। असल र जिम्मेवार व्यक्तिले नेतृत्व पाउने हो भने सबै विद्यालय गुणस्तरीय हुनेछन्। यसो आँखा चिम्लिएर सोचौं त यस्ता प्रधानाध्यापक कत्तिको पाइएलान्। हामीसँग प्रधानाध्यापकले मासिक बैठकमा हरेक शिक्षकलाई विषयगत सफलता , चुनौती र समाधान गर्ने उपायसहितको प्रस्तुतीकरण गर्ने हो भने विषयगत , तहगत जवाफदेहितामा रहला- शिक्षा प्रणाली। एक महिना मात्र होइन , हरेक महिना यसै गरौं। प्रधानाध्यापकले मासिक रूपमा शिक्षकले पढाएको कक्षा अवलोकन गरौं। शिक्षण कला , विषयगत तयारी , कमजोर विद्यार्थीलाई गरेको सहयोग , गृहकार्य र कक्षाकार्यको परीक्षणमा सहयोग गरौं। प्रधानाध्यापकले यस्ता काम नियमित गरेमा मात्र पनि शिक्षामा सुधार गर्न सकिन्छ।

**शिक्षक**

अर्को सरोकारवाला पक्ष शिक्षक हो। शिक्षकले आफूलाई मैनबत्तीको संज्ञा दिन्छ तर व्यवहारमा पनि त्यही झल्किनुपर्छ। कतिपयमा बोली र व्यवहार मिल्दैन। शिक्षकले जम्मा आफ्ना विद्यार्थीलाई विषयगत सक्षमता प्रदान गरिदिए पुग्छ। जसका लागि शिक्षकले कक्षापूर्व पाठको तयारी , पाठ शिक्षण र मूल्याङ्कन गर्ने। शिक्षकलाई कुन विद्यार्थी कमजोर छ भन्ने थाहा हुन्छ। कमजोरलाई लक्षित गरी योजना कार्यान्वयन गर्न सकिए पक्कै सफलता हासिल गर्न सकिन्छ। शिक्षकले जुन विषयमा अध्यापन गर्ने हो , जानकार हुनैपर्छ। विद्यार्थीले विविध विषयलाई एकैसाथ बुझ्नुपर्ने हुन्छ अनि ऊ कुनै पनि विषयको जानकार हुँदैन। विद्यार्थी काँचो माटोसरह हुन्छन्। अब भन्नुहोस् , पढाउने , जान्ने बनाउने , सिकाउने र कुनै विषयप्रतिको सकारात्मक सोचको विकास गराउने काम कसले गर्ने होला त ? विद्यालयको गुणस्तर विद्यार्थीको सिकाइमा हुने हुनाले प्रमुख तीन विषय विद्यालयभित्र हुन जरुरी छ। पहिलो विद्यार्थीको नियमितता। दोस्रो , हरेक शिक्षकले आजको मेरो शिक्षणको सिकाइ उपलब्धि शतप्रतिशत भयो ? के मैले सिकाउन खोजेको कुरा हरेक कमजोर विद्यार्थीले सिके ? भोलिको पाठ योजनामा मैले सिकाउन नसकेको कुरा कसरी समावेश गर्ने होला भन्ने खालको पाठ योजना निर्माण। तेस्रो कुरा, पाठ्यक्रमले निर्धारण गरेका तहगत र विषयगत क्षेत्रमा सक्षम हुन प्राप्त गर्ने निमित्त विविध शैक्षणिक क्रियाकलाप।

**अभिभावक**

सबै अभिभावक पढेलेखेका हुँदैनन्। पढेका नभए पनि सबै अभिभावक अभिभावक नै हुन्। आफ्ना छोराछोरीमाथि उनीहरूको लगानी छ , सुनौलो सपना हुन्छ , आफूले प्राप्त गर्न नसकेका कुरा आफ्ना सन्तानले प्राप्त गरून् भन्ने आशा हुन्छ। त्यस्ता सपना बुनेर विद्यालय पठाउँदैमा सबै कुरा मिल्छ भन्ने छैन। हरेक अभिभावक मासिक वा पाक्षिक रूपमा विद्यालय जाने, आफ्ना नानीबाबुको प्रगति बुझ्ने र घरमा उनीहरूलाई म कुन-कुन काममा सहयोग गरौं भनेर सोध्ने ग-यौं भने पनि शिक्षाका क्षेत्रमा बेजोडको माहोल बन्छ। घरमा पढ्ने निश्चित ठाउँ, आवश्यक सामग्री जोहो, पढ्न चाहिने वातावरण, कामका बारेमा रेखदेख गर्न सके पढाइप्रति उनीहरूको रुचि बढ्न सक्छ। आफ्नो व्यस्त जीवनबाट हरेक दिन थोरै समय यस्तो कामका लागि निकालौं र जिम्मेवार अभिभावक बनौं।

**स्थानीय सरकार**

संघीयतामा गइसकेको अवस्थामा हरेक स्थानीय तह स्वयंले पालिकाको शिक्षा समिति, कर्मचारी , प्रधानाध्यापकको दायित्वमा पर्ने गरेर मासिक समीक्षा गर्ने बानी बसाल्न सकिन्छ। यसो गर्दा विद्यालयले आफ्ना विद्यालयको शैक्षिक वृद्धिमा गरेका रचनात्मक कार्य सुनाउन पाउँछन् र के कस्ता चुनौती आए , व्यक्त गर्न पनि पाउँछन्। एउटा विद्यालयको सिकाइ र बुझाइ अरू विद्यालयमा काम लाग्न पनि सक्छ।

**नीतिगत तह**

व्यक्ति जुनसुकै कुनामा जन्मिए पनि ऊ एउटा परिभाषित भूगोलको नागरिक हो। जसरी अभिभावकको आफ्ना सन्तानप्रति अपेक्षा रहन्छ, देशले पनि आफ्ना नागरिकप्रति त्यस्तै अपेक्षा राख्नु स्वाभाविक हो। शिक्षा सुधार्न प्रधानाध्यापक, शिक्षक, अभिभावकको मात्रै भूमिका रहन्छ भन्ने छैन। राज्यको पनि ठूलै भूमिका रहन्छ। कानुन राज्यको , नीति राज्यको, तौरतरिका राज्यको, प्रणाली राज्यको तसर्थ हरेक विद्यार्थीको गुणस्तरीय पठनपाठनको सुनिश्चितता राज्यको रहन्छ। शिक्षाको नीति बनाउनेले के के स्रोत तथा साधन चाहिन्छन् होला भनेर पहिले नै परिकल्पना नगरेकाले ती चिजलाई समयमा नै उपलब्ध गराउन नसकेको होला ? राज्यले देखेको वा बुनेको सपनाका रङहरू समयमै हरेक विद्यालयमा पुऱ्याउन सकेको भए आज नागरिकले शिक्षा क्षेत्रको गुणस्तरीयता खै भनेर सोध्नुको सट्टामा राज्यले सोध्थ्यो होला। कतै राज्य निरीह हुनु वा शिक्षा क्षेत्रमा सुधारको सङ्केतमा कमी आउनुमा राज्य आफैं दोषी पो हो कि ? शिक्षामा सरोकार राख्नेले आफ्नो कार्य रणनीतिमा रचनात्मक समीक्षा गर्नु जरुरी छ। गाउँको, प्रदेशको र काठमाडौँको सिंहदरबारले यो परिस्थितिलाई ध्यानमा राख्नैपर्छ। शिक्षा क्षेत्र यस्तो भयो, यस्तो हुनुपर्छ भन्ने कुरा सबैलाई अनुभूति भएको विषय हो। यसमा सबै पक्षले रचनात्मक भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। समग्रमा शिक्षा क्षेत्र दक्ष जनशक्ति, राजनेता, कलाकार, व्यवसायी, वैज्ञानिक आदि उत्पादन गर्ने क्षेत्र हो। मूलमै खराबी आयो भने धारा सफा भएर केही महत्व हुँदैन भनेझैँ यसको गरिमा बढाउन सबै क्षेत्र चलायमान हुन जरुरी छ। शिक्षा क्षेत्र बिग्रिएमा सामुदायिक वा निजी क्षेत्र बिग्रिएको हो भनिँदैन, शिक्षा बिग्रिएको मानिन्छ। अतः आजैबाट आ-आफ्नो क्षमता, पहुँच र रचनात्मक सहयोगमा लागौं र शिक्षाको मूल सफा गरौं।

# ट्रकको ठक्करबाट घाइते स्कुटी चालकको मृत्यु

झापा(प्रस) । झापाको दमकमा चार दिनअघि ट्रकको ठक्करबाट घाइते भएका स्कुटी चालकको मृत्यु भएको छ ।
साउन २७ गते बिहान ९.४० बजे दमक ४ चिया दोकानस्थित पूर्वपश्चिम राजमार्गमा पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको ना.८ ख.३३३३ नम्बरको ट्रकले दक्षिणबाट उत्तरतर्फ बाटो क्रस गर्दै गरेको प्रदेश नं. १-०४-००१ प.२४५५ नम्बरको स्कुटीलाई ठक्कर दिई दुर्घटना हुँदा स्कुटी चालक दमक ४ बस्ने ६८ वर्षिय रामजुलुम नायक घाईते भएका थिए । घाइतेलाई निम्स अस्पताल दमकमा लगी उपचारपश्चात् थप उपचारको लागि विराट नर्सिङ होम विराटनगरमा उपचार भइरहेकोमा मंगलवार बिहान १० बजे उपचारको क्रममा मृत्यु भएको हो । ट्रक चालक अर्जुनधारा ५ बस्ने ३८ वर्षिय मातृका दनुवार र दुबै सवारी साधन इलाका प्रहरी कार्यालय दमकको नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।
त्यस्तै सिद्धिचरण राजमार्गको कटारी-घुर्मी सडकखण्डअन्तर्गत कटारी नगरपालिका-८ कुरिभन्ज्याङमा मंगलबार टिपर दुर्घटना हुँदा दुई युवकको मृत्यु भएको छ ।

कटारी बजारबाट सिमेन्ट बोकेर घुर्मीतर्फ जाँदै गरेको बा ४ ख ५६७१ नम्बरको टिपर दुर्घटना हुँदा दुई युवकको मृत्यु भएको हो । दुर्घटनामा परी कटारी नगरपालिका-८ पाखाटोलका ४५ वर्षीय नरबहादुर मगर र ४० वर्षीय मिरचिङकान्छा मगरको मृत्यु भएको प्रहरी उपरीक्षक ज्ञानेन्द्रप्रसाद फुयाँलले बताए । दुर्घटनामा परी कटारी-८ कै ४० वर्षीय चन्द्रबहादुर मगर घाइते भएका छन् । उनको कटारी अस्पतालमा उपचार भइरहेको प्रहरी उपरीक्षक फुयाँलले बताए । सिमेन्ट बोकेर जाँदै गरेको टिपर उकालो चढ्न नसक्दा सडकबाट करिब २ सय मिटर तल खसेर दुर्घटना भएको स्थानीयले बताए । दुर्घटनापछि टिपर चालक कटारी-११ का ध्रुव बस्नेत फरार छन् । उनको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# राष्ट्रिय फुटबल टोलीको बन्द प्रशिक्षण यसै साता

झापा(प्रस) । नेपाली राष्ट्रिय फुटबल टिमको बन्द प्रशिक्षण यसै साता बिहीबार शुरु हुँदैछ । प्रशिक्षणका लागि नेपालले ४० सदस्यीय राष्ट्रिय टिमको प्रारम्भिक घोषणा यसअघि नै गरिसकेको छ । अखिल नेपाल फुटबल संघ (एन्फा) ले केही दिनअघि नियुक्त गरेका कार्यवाहक प्रशिक्षक प्रदीप हुमागाईले ४० खेलाडीलाई प्रारम्भिक चरणमा बोलाएका हुन् । प्रारम्भिक चरणको प्रशिक्षणमा कप्तान किरण चेम्जोङ , उपकप्तान रोहित चन्द , विमल घर्ती मगर , अन्जन विष्ट , अनन्त तामाङलगायत सिनियर अनुभवी खेलाडीलाई राष्ट्रिय टोलीमा डाकिएको छ । मुख्य प्रशिक्षक अब्दुल्ला अल-मुताइरीको कार्यशैलीमा असन्तुष्टि जनाउँदै गत १३ वैशाखमा प्रशिक्षण छाडेका १० खेलाडीमध्ये सुमन लामा भने ४० सदस्यीय टिममा अटाएनन् । नेपालले आगामी असोज दोस्रो साता बंगलादेशसँग एक मैत्रीपूर्ण खेल खेल्ने कार्यक्रम छ । मैत्रीपूर्ण खेल ११ असोजमा दशरथ रंगशालामा हुने कार्यतालिका रहेको छ ।

**प्रारम्भिक नेपाली टोली**
गोलरक्षक : किरण चेम्जोङ , विकेश कुथु , दीप कार्की , विशाल श्रेष्ठ
डिफेन्डर : अनन्त तामाङ, रोहित चन्द, विकास तामाङ, देवेन्द्र तामाङ, दिनेश राजवंशी, विकास खवास, गौतम श्रेष्ठ, छिरिङ गुरुङ, सुमन अर्याल, रञ्जित धिमाल, निशान खड्का, अमित तामाङ, राजन गुरुङ
मिडफिल्डर : संजोक राई, पुजन उपरकोटी, तेज तामाङ, एरिक विष्ट, सेसेहाङ आङदेम्बे, सुदीप गुरुङ, विशाल राई, मनिष डाँगी, सुरज ठकुरी, सुभाष गुरुङ, आवास लामिछाने, सुनिल बल, आयुष घलान, सुजल श्रेष्ठ, अन्जन विष्ट

फरवार्ड : विमल घर्ती मगर, नवयुग श्रेष्ठ, आशिष चौधरी, ऋतिक खड्का, जर्जप्रिन्स कार्की, आशिष चापागाई, अभिषेक रिजाल, भरत खवास

# फिफाले लगायो भारतलाई अनिश्चितकालिन प्रतिबन्ध




एजेन्सी । फुटबलको सर्वोच्च निकाय फिफाले भारतलाई अनिश्चितकालका लागि प्रतिबन्ध लगाएको छ ।
अल इन्डिया फुटबल फेडेरेसन (एआईएफएफ) लाई यसअघि नै फिफाले पटक पटक चेतावनी दिएको थियो। भारतको सर्वोच्च अदालतले एआईएफएफमा चुनाव गराउन निर्देशन दिँदै आफ्नै बोर्ड गठन गरेपछि फिफाले त्यसो नगर्न चेतावनी दिएको थियो । तर फुटबलको निकायलाई स्वतन्त्र चुनाव गराउन वातावरण नदिएपछि फिफाले प्रतिबन्ध लगाएको हो । फिफाले अदालतको आदेश हटे निलम्बन फुकुवा गर्ने छ । फिफाको यो निर्णयसँगै भारतले अब अन्तर्राष्ट्रिय रुपमा क्लब तथा राष्ट्रिय टोलीको प्रतियोगिता खेल्न पाउने छैन । यसको प्रत्यक्ष असर यू-१७ महिला विश्वकपलाई पर्ने भएको छ । यू-१७ महिला विश्वकप आगामी अक्टुबर ११ देखि ३० सम्म भारतमा हुने तालिका छ ।

# अदालतको आदेशपछि हट्यो चेकपोस्ट



झापा(प्रस) । उच्च अदालत विराटनगरले पूर्वपश्चिम राजमार्गअन्तर्गत मेचीननगर-७ जोरसिमलस्थित सशस्त्र प्रहरी बलको चेकपोस्ट गैरकानुनी भएको भन्दै हटाउन जारी गरेको अन्तरिम आदेशको कार्यान्वयन भएको छ ।
अदालतको आदेशलगत्तै राजमार्गको ढाट हटाउनुका साथै सवारी जाँच पनि बन्द भएको छ । 'राजमार्गमा तेर्स्याइएको ढाट हटाइएपछि अब सर्वसाधारणले सास्ती पाउने क्रम रोकिनेछ,' अधिवक्ता अशोककुमार पोखरेलले भने, 'चेकपोस्ट गैरकानुनी थियो, पहिल्यै हटाइनुपर्थ्यो, ढिलै भए पनि अदालतले आदेश गरेर सर्वसाधारणमाथि न्याय गरेको छ ।' सशस्त्रले राजमार्गमै निर्माण गरेको छाप्रो भने उठाएको छैन ।उच्च अदालतले साउन १९ मा पहिलो पटक अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो । बिहीबार उच्च अदालतअन्तर्गत इलाम इजलासले आदेशलाई निरन्तरता दिइएको जनाउँदै चेकपोस्ट हटाउन भनेको थियो । न्यायाधीशद्वय प्रेमराज कार्की र लोहितचन्द्र साहको संयुक्त इजलासले भन्सार सीमाक्षेत्र बाहिर कुनै पनि स्थानमा स्थायी चेकप्वाइन्ट स्थापना गर्न नदिनु र पूर्वपश्चिम राजमार्गको जोरसिमलको चेकपोस्ट हटाउनु भनी विपक्षीका नाममा आदेश गरेको थियो । सशस्त्रको चेकपोस्टका कारण आम मान्छेले सास्ती व्यहोरेको भन्दै सन्दिप खनालले साउन १८ मा हटाउन माग गर्दै रिट दायर गरेका थिए । भोलिपल्टै उच्च अदालतले चेकपोस्टका नाममा आम सर्वसाधारणलाई सास्ती दिने कार्य नगर्नू/नगराउनू भनी अल्पकालीन अन्तरिम आदेश गरेको थियो । 'बिहीबारको इजलासले हटाउन नै आदेश गरेको छ,' निवेदकका अधिवक्ता पोखरेलले भने, 'राजमार्गमा कुनै पनि स्थायी चेकपोस्ट राखेर जाँच गर्न मिल्दैन, त्यहीँ कारण गैरकानुनी रूपमा सञ्चालित पोस्ट हटाउनू भनेको हो ।'

# टिप्ताला नाका खोल्न प्रशासनलाई पत्राचार



झापा(प्रस)। चार वर्षदेखि बन्द रहेको नेपाल-चीन सिमाना ओलाङचुङगोला (टिप्ताला भञ्ज्याङ) नाका खुलाउन माग गर्दै गाउँपालिकाले जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गरेको छ ।
गाउँपालिका अध्यक्ष राजन लिम्बूले पत्र लेखेर प्रशासन कार्यालयलाई सहजीकरणका लागि अनुरोध गरेका हुन् । नाका बन्द भएपछि स्थानीय आर्थिक संकटमा परी जिविकोपार्जनमा समस्या भएको, बस्ती स्थानान्तरणको स्थिति सिर्जना भएको, महँगी चरम रुपमा बढेको पत्रमा उल्लेख छ । गाउँपालिका अध्यक्ष लिम्बूले ओलाङचुङगोला, याङमा, घुन्सा र फलेका बासिन्दाको मुख्य आम्दानीको स्रोत जडिबुटी, गलैंचा र पशुचौपाया निर्यात गर्न नपाउँदा समस्या भएको दाबी गरेका छन् । पत्रमा लेखिएको छ-'सिमावर्ती क्षेत्र ओलाङचुङगोला, याङमा, फले र घुन्सावासीको मुख्य पेसाको रुपमा पशुपालन, जडिबुटी संकलन, गलैंचा उत्पादन रहेको र तिब्बततर्फमात्र निर्यात हुँदै आएकोमा नाका बन्द भएपछि स्थानीयहरु आर्थिक संकटमा परी जिविकोपार्जन गर्न समेत कठिनाई भई बस्ती स्थानान्तरणको अवस्था सिर्जना भएको छ ।' खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुहरु तिब्बतमाथि नै आत्मनिर्भर रहेको उल्लेख गर्दै पत्रमा नाका बन्द भएका कारण सडक सञ्जाल समेत जोडिन नसकेको अवस्थामा सदरमुकाम फुङलिङबाट दैनिक उपभोग्य वस्तु ढुवानी गर्दा तीन दोब्बर बढी मूल्य परेको दाबी गरिएको छ । बिरामी तथा आपत्कालीन अवस्थामा तीन दिन पैदलयात्रा गर्नु परेकाले समस्या जटिल रहेको लिम्बूले जनाएका छन् । नाका खुलाउन तत्काल पहल एवं सहजीकरणका लागि पत्रमा अनुरोध गरिएको छ ।

# दमदार एक्शनमा देखिए सलमान र कट्रिना



एजेन्सी । अभिनेता सलमान खान र अभिनेत्री कट्रिना कैफ अभिनित 'टाइगर ३' प्रतिक्षित सूचीमा रहेको फिल्म हो ।
अघिल्ला दुई सिक्वेलले राम्रो व्यवसाय गरेको कारण पनि 'टाइगर ३' प्रति दर्शकको विशेष चासो छ। केही अगाडि फिल्म अर्को बर्ष प्रदर्शनमा आउने बताइएको थियो। अहिले भने निर्माण युनिटले फिल्मको एक टिजर सार्वजनिक गर्दै फिल्म नयाँ वर्षको २१ अप्रिलमा रिलिज गर्ने बताएको छ । टिजरमा सलमान र कट्रिना दमदार एक्सनका साथ देखिएका छन् । टिजर हेरेर फिल्म भरपूर एक्सनले भरिएको हुनसक्ने अनुमान गर्न सकिन्छ । फिल्मको टिजर र रिलिज मिति अभिनेत्री कट्रिनाले आफ्नो सामाजिक संजालमा पनि शेयर गरेकी छन् । उनले लेखेकी छन् 'टाइगर र जोयाको यात्राको एक दशक। यो सफर 'टाइगर ३' २०२३ को इदमा रिलिज । फिल्म हिन्दी, तमिल र तेलगुमा रिलिज हुनेछ ।

# मोर्डना खोप अतिरिक्त मात्रामा प्रयोग गर्न पाइने




झापा(प्रस) । बेलायतको औषधि नियामक निकायले कोरोना भाइरसविरुद्धको अद्यावधिक मोडेर्ना खोपलाई अतिरिक्त मात्रा प्रयोगका लागि स्वीकृति प्रदान गरेको छ ।

बेलायती नियामक निकायले स्वीकृत गरेको यो पहिलो 'बाइभ्यालेन्ट' कोभिड-१९ खोप हो। उक्त निकायका प्रमुख कार्यकारी जुन राइनले क्लिनिकल परीक्षणको तथ्यांकले यसले मूल भाइरस र ओमिक्रोनविरुद्ध 'बलियो प्रतिरक्षा प्रतिक्रिया' लाई प्रेरित गरेको देखाएपछि अतिरिक्त प्रयोगका लागि स्वीकृत प्रदान गर्ने निर्णय लिईएको हो । 'मेडिसिन एन्ड हेल्थकेयर प्रोडक्ट्स रेगुलेटरी एजेन्सी'ले सोमबार एक विज्ञप्ति जारी गर्दै बेलायती नियामकको सुरक्षा , गुणस्तर र प्रभावकारिताको मापदण्ड पूरा गरेको पाइएपछि वयस्कका लागि खोपको अतिरिक्त मात्रा प्रयोगका लागि स्वीकृति प्रदान गरेको जनाएको छ ।

प्रतिदिन PRATIDIN NATIONAL DAILY वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation bhadrapur road, birtamode 023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मोः ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट


वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५६५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१७

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । चिताएको कामले तीव्रता लिनेछ

वृष: आज कुनै कुराले मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

मिथुन: आज धार्मिक सामाजिक कार्यमा विशेष रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा

कर्कट: आजको दिनमा दिन भोजभतेरमा सहभागी हुनुपर्ला । हाँसखेल र मनोरञ्जनपूर्ण समय

सिंह: आज नोकरी गर्नेले मानसम्मान पाउने छन् । लाभदायक भेटघाटलाई नकार्न सकिदैन ।

कन्या: धर्मकर्ममा रुचि, शुभ समाचार सुन्न पाइएला । नयाँ कार्ययोजना पनि बन्नेछ ।

तुला: मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । विचार पुर्याएर निर्णय लिनु राम्रो होला ।

वृश्चिक: अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइनेछ । न्यायिक कार्य

धनु: आज रोकिएका कमहरूले चिन्ता बढाउनेछ । पठनपाठन र चिन्तनमननमा ध्यान

मकर: लामो समयदेखि रोकिएका अधुरा कामहरूको पुन योजना बन्नेछ । रमाइलो

कुम्भ: आफूलाई कमजोर भएको अनुभूति हुनेछ । सामान हराउन सक्नेछ ।

मिन: आज सभा समारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको काम